# पर्सागढी नगरपालिका
# नगरकार्यपालिका को कार्यालय
## हरपुर, पर्सा

## औषधी खरिदको शिलबन्धी दरभाउपत्र सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/२४**

यस कार्यालय र अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा चालु आर्थिक वर्ष २०७७/०७८ को लागी आवश्यक पर्ने गुणस्तरीय औषधीहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा ईजाजत पत्र प्राप्त फर्म संस्था सप्लायर्सहरु वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपुर्वकको शिलबन्धी दरभाउपत्र आहावान गरिएको छ ।

- दरभाउपत्र फारम मिति २०७७/१०/०९ गतेको कार्यालय समय भित्र निम्न बमोजिम नगदै रु.१०००।- (फिर्ता नहुने गरि) यस कार्यालयको राजस्व शाखामा बुझाई अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व.२०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणहरु निवेदन साथ पेश गर्नु पर्नेछ ।
- शिलबन्दी गरिएको दरभाउपत्र मिति २०७७/१०/१० गते दिनको १२ : ०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। उल्लेखित समयभित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोही दिनको १ : ०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी दरभाउपत्र खोल्न मुनै बाधा पर्ने छैन ।
- खरिद गरिएको दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रप्येक पानामा सहिछाप गरि यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुले लगतै तत् तत् समयमा हुनेछ ।
- दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझीएको र सम्वन्धीत कसुरमा आफुले सजाए नपाएको भनी लिखित रुपमा गरेको घोषणाको कागजात दरभाउपत्र साथ पेश गनुपर्नेछ ।
- दरभाउपत्र फारम साथ जमानत बापत तपसिलमा उल्लेखित धरोटी रकम यस कार्यालयको सानिमा बैक पर्सागढी शाखामा रहेको धरौटी खाता नं.०६३०१००२००००००३ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैकहरुवाट यस नगरपालिकाको नाममा जारी भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) शिलवन्दी दरभाउपत्र खोलेको मितिवाट गणना हुने गरी कम्तिमा ९० दिन म्याद भएको हुनु पर्नेछ ।
- दरभाउपत्र फारममा दररेट भर्दा अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नुपर्नेछ ।
- दरभाउपत्र सम्बनधी यो सुचना यस कार्यालयको website: parsagadhimun.gov.np मा पनि हेर्न सकिन्छ। साथै यस सम्वन्धी थप जानकारीको लागी यस कार्यालयको फोन नं ९८१४२०७४८६, ९८५५०२६७३६ वा इमेल parsagadhimun2075@gamil.com मा सम्पर्क गर्न सकिन्छ ।
- सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ। औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।
- सप्लाई हुने औषधीको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry date, ब्याच नम्वर तथा Supply for Ministryof Health and Population Nepal वा "नेपाल सरकारवाट निशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।
- दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।
- प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।
- शिलबन्दी वोलपत्र/दरभाउपत्रको माध्यमवाट औषधी खरिद गर्दा Package मा सबैभन्दा न्यूनतम मुल्य लाई निर्णय गर्नु पर्नेछ ।
- वोलपत्र/दरभाउपत्र स्वीकृत गरी औषधी खरिद गर्दा WHO-GMP सर्टिफाइड प्राप्त कम्पनिहरु वाट मात्र खरिद गर्नुपर्नेछ ।
- यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| कन्ट्याक्ट नं. | खरिद सम्बन्धी विवरण | ल.ई.रकम (मु.अ.क.समेत) रु. | धरौटी रकम |
|---|---|---|---|
| 05/PARGMUN/PAR/ Medicine/077/78 | यस नगरपालिका अर्न्तगत पर्ने स्वास्थ्य केन्द्रहरुको लागी आवश्यक औषधी खरिद कार्य | १२०१४१३।- | ३६०००।- |